# श्री ३ चन्द्रशमशेरका समयको काजी महावीर गडतोडाका नामको सनद पत्र

–डा. विजय कुमार मानन्धर

श्री ३ चन्द्रशमशेरका समयमा काजी महावीर सिंह गडतोडा क्षेत्रीका नाममा जारी भएको एउटा सनद पत्र निज महावीर सिंहका पनाती भूतपूर्व सहायक रथी श्री केशरबहादुर गडतोडा क्षेत्रीज्यूले मलाई उपलब्ध गराउनु भएको र सो सनद पत्र अध्ययन गर्दा राणाकालीन नेपाली प्रशासन व्यवस्थाको साथै त्यस बखतको एउटा गैन्ह राणा अधिकृतबारेमा समेत केही प्रकाश पार्ने देखिएकोले उक्त सनद पत्रलाई प्रकाशनमा ल्याउने उद्देश्यले यो लेख तयार गरेको छु। सनद पत्र उपलब्ध गराउनु भएकोमा श्री केशर बहादुर गडतौडाप्रति आभार व्यक्त गर्दछु।

वि.सं. १९७३ साल चैत्र १४ रोज २, स.नं. ८४६ अंकित सो सनद पत्रमा प्राईमिनिष्टर श्री ३ महाराज चन्द्र शमशेरको सानो आकारको खड्ग निसानी छाप र कम्यान्डर इन चिफ भीम शमशेरको ठूलो आकारको छाप गरी दुई छाप परेका छन्। कम्यान्डर इन चिफको छाप अलिक लाम्चो खालको गोलाकार (जसको लम्बाई ७० सेन्टीमिटर र चौडाई ९ सेन्टीमिटर छ) हुनुका साथै प्रशस्ती सहित उल्लेख गरी देवनागरी, रोमन र उर्दू लिपिमा प्रस्तुत गरिएको छ। उक्त छापको घेरा भित्रको शिरो भागमा सूर्य, चन्द्र एवं अन्य राष्ट्रिय चिन्हहरू सजाइएका छन् र तल्लो भागमा देवनागरी लिपिमा "श्री इष्टदेवता चरण" अंकित गरेर त्यसको तलतिर "श्री कम्यान्डर इनचिफ जनरल भीम शम्शेर जङ्गबहादुर राणा बहादुर शरण सम्वत् १९५८ साल" उल्लेख गरिएको छ। उक्त छापको घेरा बाहिरको भागमा गोलाकार रूपबाट रोमन लिपिमा "General Bhim Shumshere Jung Rana Bahadur Commander-in- Chief Nepal 1901" भनी लेखिएको छ। प्रधानमन्त्रीको खड्ग निसान छाप अन्तर्गत माथिल्लो भागमा खड्ग अंकित गरिएको र तलतिर प्रधानमन्त्रीको हस्ताक्षर "श्री चन्द्रशम्सेर जंङ्" भनी उल्लेख गरिएको छ। यस बाहेक यस सनद पत्रको पुछारमा तत्कालीन कर्मचारीहरू रत्नमान र तीर्थराजको औंठी छाप पनि परेका छन्। नेपाली कागजमा लेखिएको यस सनद पत्रको लम्बाई ६६ सेन्टीमिटर र चौडाई २७.५ सेन्टीमिटर रहेको छ।[1]

वि. सं. १९०३ सालमा नयाँ गोरख पल्टनको अमलदारी पदबाट सरकारी सेवा प्रवेश गरेका महावीर गडतोडा वि.सं. १९७३ सालसम्मका ७० वर्षहरूमा कुन-कुन हैसियतले कहाँ-कहाँ के-के काम गर्दै काजी दर्जासम्म

पुगे भन्ने बारेमा यस सनद पत्रले विस्तृत जानकारी दिन्छ। यसका अतिरिक्त सात दशक लामो कार्यकालपछि बृद्ध अवस्थाका कारण सरकारी कामकाज गर्न असमर्थ भएर जागीर छाडे पनि लामो समयसम्म मुलुकलाई दिएको उल्लेख्य योगदानको कदर गर्दै तत्कालीन प्राइमिनिष्टर चन्द्रशम्शेरले उनलाई काशी जाने खर्चका अतिरिक्त त्यहाँ बस्न मासिक कम्पनी रू. १५०/- भत्ता दिएको कुरा यस पत्रमा परेको छ। त्यसकारण प्रस्तुत सनदले महावीर गडतोडाको सरकारी सेवाबारे विस्तृत जानकारी दिनुका साथै राणकालीन प्रशासनिक व्यवस्थाबारे पनि प्रकाश पार्ने भएकाले यसको विशेष महत्त्व देखिन्छ।

त्यसो त महावीर गडतोडाले वि. सं. १९३९-१९४१ सालको नेपाल-भोट विवाद ताका भोटका लागि नेपाली वकीलको पदमा रहेर उक्त विवाद सुल्झाउनमा प्रमुख भूमिका खेलेको कुरा मात्र नेपालको इतिहासमा उल्लेख गरिएको पाइन्छ। यस बाहेक उनका विषयमा कमै उल्लेख गरिएको छ। त्यसैले पनि प्रस्तुत लेखमा मुख्यतया महावीरबारे थप जानकारी दिने प्रयास गर्नुका साथै माथि उल्लेखित सनद पत्रको आधारमा उनीबारे चर्चा गरिने छ।

महावीर गडतोडा क्षेत्री मेजर कप्तान करवीर गडतोडा क्षेत्री (जो लेफ्टेन पदमा छँदा प्रधानमन्त्री जंगबहादुर राणाको वि. सं. १९०६-१९०७ को बेलायत यात्रामा सम्मिलित भएका थिए) का जेठा छोरा थिए।[२] उनले वि. सं. १९०३ मा कोतपर्व भएपछि नयाँ गोरख पल्टनको अमलदारी पदमा नियुक्ति पाएर कलिलो उमेरमा[३] नै आफ्नो सरकारी जागीरको शुरूवात गरेका थिए। वि. सं. १९०४ मा उनी कौसी तलवी सुवेदारीमा[४] र वि. सं. १९०७ मा रामदल गोलंदाजको जमदारी पदमा नियुक्ति गरिए। यहाँ यो कुरा पनि स्मरण गराइन्छ कि वि. सं. १९०६-१९०७ मा आफ्ना बुबा करवीर खत्री (गडतोडा क्षेत्री) जंगबहादुरसंग बेलायत यात्रामा सम्मिलित भएको बखतमा आफ्नो बुबाले सम्हाल्दै आएको काठमाडौं लैनस्थित ब्रिटिश रेजिडेन्सीको सम्पूर्ण काम महावीरले आफ्नो कलिलो उमेरका बाबजुद सम्हालेका थिए।[५] वि. सं. १९११-१९१२ को नेपाल-भोट युद्धताका उनले ठूलो बहादुरी देखाए वापत लेफ्टेनको दर्जा एवं तक्मा पनि पाएका थिए। उक्त लडाईमा उनले विशेषतः भुँगाको किल्ला बचाउनमा ठूलो बहादुरी देखाएका थिए। तत्पश्चात वि. सं. १९१४ को भारतीय विद्रोह दबाउने क्रममा ब्रिटिश भारत सरकारको सहायतार्थ प्रधानमन्त्री जंगबहादुरको नेतृत्वमा गएको नेपाली सेनामा सम्मिलित भएर लखनउको लडाईमा महावीर पनि खटिएका थिए। उक्त लडाईमा खटिंदा कप्तान दर्जा पाएका महावीरले लडाईमा उल्लेख्य काम गरे वापत तक्मा पनि प्राप्त गरेका थिए।

वि.सं. १९२५ मा मेजर कप्तान दर्जा पाई उनलाई कलकताको वकील जस्तो महत्त्वपूर्ण पदमा नियुक्ति दिइएको थियो।[६] सो पदमा रही उनले वि. सं. १९२८ सम्म कार्य गरेका थिए।[७] कलकताबाट फर्केपछि वि.सं. १९२९ देखि १९३९ जेष्ठसम्म काठमाडौं लैनस्थित ब्रिटिश रेजीडेन्सीमा रेजिडेन्टसंग बसेर नेपाल सरकारको तर्फबाट कामकाज गरेका थिए। त्यसपछि ल्हासाको वकील जस्तो अर्को महत्त्वपूर्ण पदमा उनलाई वि. सं. १९३९ जेष्ठमा नियुक्ति गरियो।[८] उनकै कार्यकालमा मुगाको मालासम्बन्धी एक सानो घटनालाई निहुँ बनाई ल्हासास्थित धेरैजसो नेवार महाजनहरूको पसल लुटिएको कारण वि. सं. १९३९-१९४१ मा नेपाल-भोट विवाद हुन गई दुई देश बीच युद्ध हुने स्थिति समेत पैदा भइसकेको थियो। तर अन्त्यमा चीनको मध्यस्थताबाट वि. सं. १९४१ को रसुवाको सन्धिले उक्त विवादलाई अन्त्य गऱ्यो। सो सन्धि अनुसार भोट सरकारले लुटपिट भएको सम्पत्तिको हर्जाना स्वरूप रू. ९,१७,०८०।- र लहनाको रूपियाँ रू. १,०८,३९७- नेपाललाई तिर्न राजी भयो।[९] यसरी उक्त विवाद शान्तिपूर्वक सुल्झाउने क्रममा विवाद शुरू भएदेखि रसुवाको सन्धि सम्पन्न गराउने कार्यसम्ममा नेपाली वकील महावीरले महत्त्वपूर्ण भूमिका

निभाएका थिए । सन्धि अनुसार भोट सरकारले वि. सं. १९४३ साल वैशाख महिनाभित्र हर्जानाको सम्पूर्ण रकम चुक्ता गरेको थियो । उक्त रकम महावीरले वि. सं. १९४३ मा सदर मुलकीखानामा दाखिल गरेका थिए । यहाँ यो कुरा पनि स्मरण गराइन्छ कि उक्त विवादलाई सुल्झाउनमा प्रमुख भूमिका निभाए वापत चीन सरकारबाट महावीरलाई चिनिया सम्मान "नीलो गजूर" प्रदान गरिएको थियो।[१०] उनी वि. सं. १९४३ सालमा ल्हासाबाट नेपालमा फर्के र वि. सं. १९४४ सालमा लेफ्टिनेन्ट कर्णेलको दर्जा पाई पल्टनको कवायत गरेका थिए । तत्पश्चात वि. सं. १९५३ सालमा अदालत गोश्वराको जज (न्यायाधीश) को पदमा उनको नियुक्ति गरियो । जजको पदमा रहँदा वार्षिक तलब रू. ६४००।- दिइन्थ्यो। उक्त पदमा उनी वि. सं. १९५८ सम्ममा रहे। यसपछि उनलाई कर्णेलको दर्जा दिइयो र वि. सं. १९७० मा उनलाई काजीको दर्जा दिएर निजामती काममा लगाइएको थियो। उनी वि. सं. १९७२ सम्म सरकारी सेवामा सेवारत् थिए । वि. सं. १९७३ सालमा उमेर पुगी बृद्धावस्था भइसकेकोले जागीर छाडी काशीवास गर्न पाउँ भनी उनले श्री ३ महाराज चन्द्रशम्शेर समक्ष बिन्ती चढाएका थिए ।

यस प्रकार वि. सं. १९०३ देखि १९७२ सम्म विभिन्न सरकारी पदहरूमा रही इमान्दारीपूर्वक मेहनतका साथ काम गरे वापत काशीवास गएपछि पनि उनको सेवाको कदर स्वरूप प्रधानमन्त्री चन्द्रशम्शेरले एक सनद पत्र मार्फत नै प्रति महिना कम्पनी रू. १५०।- (एक सय पचास) भत्ता पाउने व्यवस्था गरिदिएका थिए । सो भत्ताको रकम कौसी तोसाखानाबाट पाउने गरी सनद जारी गरिएको थियो । सनद पत्र अनुसारको भत्ता रकम महिना महिनामा कौसी तोसाखानाबाट महावीरका हकदार वारीसवाला मार्फत झिकाउन पाउने व्यवस्था समेत मिलाइएको थियो । यसका अतिरिक्त सनदमा यो कुरा पनि प्रष्ट उल्लेख गरिएको थियो कि उक्त भत्ता रकम नेपाल र राणा प्रधानमन्त्रीको सोझो चिताई खानु र नेपाल र राणा प्रधानमन्त्रीको सोझो चिताउन्जेल उनलाई दिइएको भत्ता झिकिने छैन । यसरी उनले इमान्दारीपूर्वक राष्ट्रको झण्डै सात दशकसम्म विभिन्न पदमा रही राम्रो काम गरेर राणा प्रधानमन्त्रीलाई रिझाए वापत उनको कामको कदर स्वरूप स्वयं प्रधानमन्त्रीले काशीवास गर्न गएका महावीर गडतोडालाई सनद पत्र मार्फत भत्ताको रकम व्यवस्था गरिनुबाट नेपाल सरकारको तर्फबाट उनलाई सम्मान गरिएको स्पष्ट हुन आउँछ ।

यसरी वि. सं. १९७३ को प्रस्तुत सनद पत्रबाट अमलदारी जस्तो साधारण पदमा भर्ना भएका महावीर गडतोडाले आफ्नो कार्य दक्षता देखाउँदै कसरी काजी जस्तो उच्च पदसम्म पाउन सफल भए भन्ने कुरा स्पष्ट हुन्छ भने वर्षै पिच्छे पजनी गरिने तत्कालीन शासन व्यवस्थामा बफादारीका साथ कर्तव्य निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारीको उचित कदर र स्यावासी पाउने मात्र नभई झण्डै सात दशक लामो सेवापछि राष्ट्र एवं शासन व्यवस्थाप्रति बफादार रहेसम्म भत्ता दिइने परिपाटीको पनि विकास भइसकेको तथ्य उजागर हुन्छ ।

झण्डै सात दशकसम्म विभिन्न सरकारी पदहरूमा काम गर्ने क्रममा गडतोडालाई ल्हासामा वकीलीको कार्य पूरा गरेर आएपछि तत्कालै सन् १८८६ (वि. सं. १९४३) मा अदालत गोश्वाराको जजको पदमा नियुक्त गरिएको थियो भन्ने एक जना इतिहासकारको भनाइलाई[११] उक्त सनदले गलत साबित गर्दछ । वास्तवमा गडतोडाले वि. सं. १९५३ मा मात्र अदालत गोश्वाराको जज पदको नियुक्ति पाएको देखिन्छ । यस बाहेक उनी पहिलो र एक मात्र व्यक्ति हुन् जसले कलकता एवं ल्हासामा नेपाली वकीलको जिम्मेदारी सम्हालेका थिए । प्रस्तुत सनदबाट राणा शासन व्यवस्थामा महावीर गडतोडा जस्ता एक व्यक्तिलाई फौजी, निजामती, कूटनैतिक र न्यायिक पदहरूमा कसरी नियुक्त गरिंदो रहेछ भन्ने कुरा पनि बुझ्न सकिन्छ । त्यस्तै निमकको सोझो चिताई इमान्दारीपूर्वक सरकारी सेवा गर्ने गडतोडा जस्ता गैन्ह राणा अधिकारीहरूलाई पनि अवकाश प्राप्त गरेर

काशीवास जानेका लागि समेत भत्ता दिनु अवकाश प्राप्त सरकारी कर्मचारीको ससम्मान कदर गरिनु पनि हो जुन राणा शासनको एक अर्को महत्त्वपूर्ण एवं रोचक पक्ष देखिन्छ । यसबाट सो कालमा कुनै पनि गैर राणा अधिकारीको कदर हुँदैनथ्यो भन्ने आम जनधारणा गलत सावित हुन्छ ।

महावीर गडतोडा एवं उनका बाबु करवीर गडतोडा क्षेत्री जंगबहादुर र उनका उत्तराधिकारीहरूसंग राम्रो सम्बन्ध राख्न सफल भएका थिए भन्ने कुरामा कुनै शंका छैन । अंग्रेजसंग निकट सम्बन्ध राख्ने जंगबहादुरको नीतिलाई कार्यान्वयन गर्न करवीर र महावीरले काठमाडौं लैनस्थित ब्रिटिश रेजिडेन्सीमा नेपाल सरकारको प्रतिनिधि भएर प्रमुख भूमिका निभाएका थिए । त्यसबाट पनि राणा शासकहरूले उनीहरूलाई राम्रा पदमा राखेका होलान् । त्यसमाथि भनिन्छ उनीहरू दुवै बाबु छोराको अंग्रेजी लगायत फारसी भाषामा राम्रो दखल भएकोले पनि उनीहरूलाई रेजिडेन्सीको महत्त्वपूर्ण काम सुम्पिएको थियो । यही क्रममा महावीरको छोरा भैरवबहादुरले पनि १३ वर्षसम्म ब्रिटिश रेजिडेन्सीमा कार्य गरेका थिए र पछि काजी पद पाएर वि. सं. १९६३ मा चीन बादशाह कहाँ नेपाल सरकारको खरिता लिई नेपाली प्रतिनिधि मण्डलको नेताको रूपमा गएका थिए । तर यही प्रतिनिधि मण्डल नै चिनियाँ बादशाहकहाँ पठाइएको अन्तिम नेपाली प्रतिनिधि मण्डल हुन गयो ।[१२]

प्रस्तुत सनद पत्रबाट यो कुरा पनि ज्ञात हुन आउँछ कि राणा प्रधानमन्त्री जंगबहादुर राणाको समयमा सरकारी सेवामा प्रवेश गरेका गडतोडाले जंगबहादुरका अतिरिक्त रणोद्दीप सिंह, वीरशम्शेर, देवशम्शेर तथा चन्द्रशम्शेरका कार्यकालसम्मका प्रधानमन्त्रीहरूलाई रिझाई विभिन्न पदहरूमा बढुवा हुँदै गएका थिए । पाँच जना राणा प्रधानमन्त्रीको शासनकालमा सरकारी सेवाको उच्च पदहरूमा पुग्ने गडतोडा जस्ता व्यक्ति नेपालको इतिहासमा कम नै पाउन सकिन्छ । जे होस् उक्त सनद पत्रले काजी महावीर गडतोडाबारे विस्तृत जानकारी दिनुका साथै राणाकालीन प्रशासनिक व्यवस्था बारेमा पनि प्रकाश पारेकाले नेपालको प्रशासनिक इतिहासको अध्ययनमा पनि यस सनद पत्रको महत्त्व रहेको छ ।

**पाद टिप्पणी**

१. प्रस्तुत सनद पत्र परिशिष्टमा दिइएको छ ।

२. लेखकसंग रहेको गडतोडाहरूको पुस्ताको बयान भएको एक टिपोट ।

३. भनिन्छ, वि.सं. १९०३ को कोतपर्वताका महावीरको उमेर केवल १२ वर्षको थियो । हेर्नुहोस् धनबज्र बज्राचार्य र साकेत विहारी ठाकुर (सं), *बाबुराम आचार्य र उहाँका कृति*, काठमाडौं, नेपाल एशियाली अध्ययन संस्थान, वि.सं. २०२९, पृ. ३५ ।

४. तर एक काजपत्रमा उनले वि.सं. १९०६ मा मात्र सुवेदारी पदमा नियुक्ति गरिएको कुरा उल्लेख गरिएको छ । विस्तृत जानकारीको लागि लेखकको *"काजी महावीरसिंह गडतोडा क्षेत्री सम्बन्धी एक अप्रकाशित कागज"* रोलम्ब, ललितपुर: जोशी रिसर्च इन्स्टिच्यूट, वर्ष १८, अंक ३ (जुलाई-सेप्टेम्बर, सन् १९९८) पृ. १०-१८, हेर्नुहोस् ।

५. ऐजन् ।

६. तर कौसी तोसाखानामा रहेको वि. सं. १९२० को सवाल पट्टाको दोस्रो वहीमा महावीरलाई वि. सं. १९२६ साल जेष्ठ शुदी ९ रोज ७ मा कलकताको वकील पदमा नियुक्त गरिएको उल्लेख गरिएको छ । सो नियुक्ति पत्रको लागि हेर्नुहोस्, कृष्णकान्त अधिकारी, *नेपाल अण्डर जंगबहादुर* भाग १, काठमाडौं : बुकु, सन् १९८४, पृ. १४१ ।

७. विश्व प्रधान, *विहेभीयर अफ नेपालीज फोरेन पोलिसी*, काठमाडौं: दुर्गादेवी प्रधान, सन् १९९६, पृ. ६१८ ।

८. क. त्रिरत्न मानन्धर, *नेपाल: दी इयर्स अफ ट्रबल* (१८७७-८५), काठमाडौं: पूर्णदेवी मानन्धर, सन् १९८६ पृ. १४९ ।

ख. ज्ञानमणि नेपाल, *नेपाल-भोट चीन सम्बन्धका केही साँस्कृतिक पक्ष*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०४५, पृ. २०२ ।

ग. रूद्रबहादुर खत्री, *मेरो भोट-दोसाँधीको अनुभव*, काठमाडौं: उमेश रिमाल, वि.सं २०३७, पृ. ६३ ।


९. त्रिरत्न मानन्धर, *नेपाल-भोट विवाद* (वि. सं. १९३९-४१), काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि. सं. २०४१, पृ. ४५ ।

१०. ऐजन्, पृ. ५५ ।

११. त्रिरत्न मानन्धर, *सम एसपेक्टस अफ राणा रूल इन नेपाल*, काठमाडौं: पूर्णदेवी मानन्धर, सन् १९८३, पृ. ९ ।

१२ विजयकुमार मानन्धर "*काजी भैरव बहादुरस् मिसन टु चाइना*", रोलम्ब, वर्ष १६, अंक २ (अप्रिल-जुन सन् १९९६), पृ. १२-१८ ।

# परिशिष्ट




**श्री ३ चन्द्रशमशेरबाट काजी महावीर सिंह गडतोडा क्षेत्रीका नाममा जारी भएको सनद पत्र**